(दफा ४ तथा अनुसूची - १ को भाग- २ संग सम्बन्धित)

# स्थानीय राजपत्र

---

खण्ड :६ संख्या :२ मितिः२०७९।३।१०

---

## उदयपुरगढी गाउँपालिकाको

## आर्थिक ऐन, २०७९

## भाग : १

## उदयपुरगढी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, उदयपुरगढी

### १ नं. प्रदेश, नेपाल

## उदयपुरगढी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष२०७९\८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२)बमोजिम उदयपुरगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन गाँउ सभावाट स्वीकृत मिति देखी उदयपुरगढी गाँउपालीका क्षेत्रमा लागु हुनेछ ।

**२. भूमी कर (मालपोत):** गाउँपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम भुमीकर (मालपोत) लगाईने र असुल उपर गरिने छ ।

**३. सिफारीस दस्तुर** गाउँपालिकाको क्षेत्र भित्र अनुसूची (२) बमोजिम सिफारीस दस्तुर लगाईने र असुल उपर गरिने छ ।

**४. पञ्जीकरण शुल्क :** गाँउपालीका क्षेत्र भित्र अनुशूचि (३) बमेजिम पञ्जीकरण शुल्क लगाईने वा असुल उपर गरिनेछ ।

**५. घर घुरी करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (४) बमोजिम घर घुरी कर _सम्पत्ती कर_ लगाईने वा असूल गरिनेछ ।

**६. वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (५) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**७. अस्थायी हाटवजार करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची (६) बमोजिम अस्थायी हाटवजार कर लगाईने वा असुल उपर गरिने छ ।

**८. चौपाया ।दौपाया शुल्क** गाउँपालिका क्षेत्र भित्र अनुसूची (७) बमोजिम_चौपाया ।दौपाया शुल्क लगाईने वा असुल उपर गरिने छ ।

**९. सवारी साधन शुल्क** गाउँपालिका क्षेत्र भित्रका तिन पाँग्रे, टेम्पु ,रिक्सा, अटो रिक्सा, मिनि टिलर -डाला जोडेको_ आदी सवारी साधनमा अनुसूची (८) बमोजिम सवारी साधन दर्ता नविकरण रुट पर्मिट शुल्क लगाइने वा असुल उपर गरिनेछ ।

**१०. घर नक्सा पास दस्तुर** गाउँपालिका क्षेत्र भित्र अनुसूची (९) बमोजिम घर नक्सा पास दस्तुर लगाईने वा असुल उपर गरिनेछ ।

**११. मनेरञ्जन तथा विज्ञापन कर** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१०) बमोजिम मनेरञ्जन तथा विज्ञापन कर लगाईने वा असुल उपर गरिनेछ ।

**१२. व्यबसाय कर** गाउँपालिका क्षेत्र भित्र व्यापार व्यावसाय वा सेवामा पुँजीगत लगानी र अर्थीक कारोबारका अधारमा अनुसूची (११) बमोजिम व्यावसाय कर लगाईने वा असुल उपर गरिनेछ ।

**१३. प्राकृतीक श्रोत उपयोग कर** गाउँपालिका क्षेत्र भित्र कनै व्यक्ती वा सस्थाले उन,खोटो,जडीवुटी,वनकस,कवाडी,माल र प्रचलीत कानूनले निशेध गरीएको जिबजन्तु वाहेक अनुसूची (१२) बमोजिम कर लगाईने वा असुल उपर गरिनेछ ।

**१४. ढुगा गिटी वालुवा कर** गाउँपालिका क्षेत्र भित्र अनुसूची (१३) बमोजिम ढुगा गिटी वालुवा कर लगाईने वा असुल उपर गरिनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर प्राकृतीक प्रकोप गरीवी अनाथ असक्त स्वास्थ्य उपचारको लागी सिफारीस लीने प्रयोजनमा अनुसूची २ मा उल्लेखीत सिफारीसको कर छुट दिईनेछ ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

दफा २ संग सम्बन्धित

**भूमी कर (मालपोत)**

**क) गाँउपालीकाको क्षेत्रमा जग्गाको बर्गीकरण अनुसार देहाय अनुसारको मालपेत कर असुल उपर गर्ने**

| क.स. | जग्गाको किसीम | जग्गाको ईकाई | आ व २०७८/७९ | आ व २०७९/८० | कैफीयत |
|---|---|---|---|---|---|
| | | | करको दर | करको दर | |
| १ | अब्बल | प्रतीरोपनी/प्रतीकट्ठा | रु १० | रु १२ | मालपोत करमा आ व २०७८/७९ मा कुल तिर्नुपर्ने रकमको १० प्रतिशत जरिवाना लाग्ने छ । त्यस पछीका प्रत्येक वर्ष क्रमश थप ५ प्रतिशतका दरले जरिवाना कायम गरि मालपोत असुल उपर गरिनेछ । |
| २ | दोयम | प्रतीरोपनी/प्रतीकट्ठा | रु ८ | रु १० | |
| ३ | सिम | प्रतीरोपनी/प्रतीकट्ठा | रु ६ | रु ८ | |
| ४ | चाहार | प्रतीरोपनी/प्रतीकट्ठा | रु ५ | रु ७ | |

**ख) मालपोत कुल रकम वार्षीक रु २० भन्दा कम हुने भएमा न्यूनतम वार्षीक मालपोत रकम रु २० लिने ।**

अनुसूची २

दफा ३ संग सम्बन्धित

**सिफारीस दस्तुर**

क) गाँउपालीकाले विभिन्न ब्यक्ती ,सघ,सस्थाहरुलाई सिफारीस गरि सेवा पुर्याए वापत वा सार्वजनीक सेवा प्रवाह गर्ने सन्दर्भमा आबश्यक पर्ने सिफारीस गरे वापत देहाय अनुसारको सिफारीस दस्तुर लिने

| क.स. | बिबरण | आ व २०७८/७९ | आ व २०७९/८० | कैफियत |
|---|---|---|---|---|
| | | रकम रु | रकम रु | |
| १ | नागरीकता सिफारीस | १०० | १५० | |
| २ | नागरीकता सीफारीस प्रतीलिपी | १५० | १७५ | |
| ३ | नाता प्रमाणीत | १५० | १७५ | |
| ४ | नाता प्रमाणीत बैदेशीक अग्रेजीमा | १००० | १००० | |
| ५ | टेलीफोन सीफारीस दस्तुर | १०० | १०० | |
| ६ | नागरीक लगायत सरकारी प्रयोजनका लागि प्रयोग गरिने सर्जिमीन मुचुल्का सिफारीस | २०० | ३०० | |
| ७ | जग्गा नामसारी मुचुल्का प्रमाणीत सिफारीस | ५०० | ५०० | |
| ८ | अविवाहीत,जन्म मिति,दलित,अदीवासी जनजाती लगायत यस्तै प्रकृतीका सीफारीस र चरीत्र सिफारीस | १०० | १०० | |
| ९ | विद्युत मिटर जडान सीफारीस | १५० | २०० | |
| १० | चौहद्धी सीफारीस | १०० | १५० | |
| ११ | घर वाटो सिफारीस | २५० | ३०० | |
| १२ | पेन्सन सीफारीस नेपाली | ५०० | ५०० | |
| १३ | पेन्सन सीफारीस विदेशी | १००० | १००० | |
| १४ | निजि विद्यालय दर्ता शुल्क | | १००० | |

| | | | | |
|---|---|---|---|---|
| १५ | निजि विद्यालय सञ्चालन सिफारीस | १००० | १००० | |
| १६ | निजि विद्यालय कक्षा थप सिफारीस | ५०० | १००० | |
| १७ | सामाजीक सुरक्षा भत्ता पाउने परिचय पत्र नविकरण | १०० | १०० | |
| १८ | सामाजीक सुरक्षा भत्ता पाउने परिचय पत्रको प्रतीलीपि | १०० | १०० | |
| १९ | धारा सिफारीस दस्तुर | १०० | २०० | |
| २० | गा पा मा संचालन हुने विकास योजनाहरु सम्झौता शुल्क<br>रु ५ लाख सम्मको योजनाको रु<br>रु ५ लाख देखी माथीका योजनाहरु रु | १०००<br>२००० | १०००<br>२००० | |
| २१ | कृषि तथा व्यवसाय फर्म दर्ता | २०० | ५०० | |
| २२ | कृषि तथा व्यवसाय फर्म नविकरण | | २०० | |
| २३ | समुह दर्ता<br>समुह नविकरण | २००<br>१०० | २००<br>१०० | |

ख) यस बाहेक जुनसुकै प्रकृतिका साधारण सिफारीस रु. १०० लीने ।

ग) कुनै झगडीयाले गाँउपालीका वा वडा कार्यालयमा आई मिलापत्र गराउन लिखीत निबेदन दिएकोमा दुबै पक्षबाट रु. ५००/५०० दस्तुर बुझाउनु पर्ने । मिलापत्र गराउदा पिडित पक्षले तिरेको दस्तुर समेत पिडक पक्षबाट असुल उपर गर्ने गरि मात्र मिलाउने ।

घ) बक्यौता रकम असुल उपर गर्नुपर्ने भए उक्त रकमको ५ प्रतिशतले हुन आउने रकम राजश्वको रुपमा बुझाउनु पर्ने ।

ङ) धितो जग्गा मुल्याँकन सिफारीस गर्दा ३० लाख सम्म धितोको मुल्याँकन भएकोमा ३ हजार र सो भन्दा माथी मुल्याँकन भएमा ५ हजार सिपरीस दस्तुर वापत लिने ।

च) विदेशी मुलुकको प्रयोजनको लागि वार्षिक आय प्रमाणीत गर्नुपर्ने भएमा रु. ५ लाख सम्म आय भएकोमा रु. ३ हजार र सो भन्दा माथी आय भइकोमा रु. ५ हजार सिफारीस दस्तुर वापत लिने ।

छ) स्वदेशमा नै कृषि प्रयोजनको लागि रिन लिन गरेको सिफारीसमा रु. १०० सिफारीस दस्तुर लिने । तर नाफा आर्जन गर्ने उदेश्यले कुनै ब्यापार ब्यावसाय गर्न सिफारीस गर्नेपर्ने भए रु. २०० सिफारीस दस्तुर बापत लिने ।

ज) गाँउपालीका क्षेत्रमा अमिन ल्याई सेवा दिनुपरेमा रु. १ हजार सेवा शुल्क वापत असुल उपर गर्ने र उक्त अमिनको आते जाते सम्बन्धीत पक्षले नै ब्यहोर्नु पर्नेछ ।

झ) धरान चतरा गाईघाट कटारी हेटौडा सडक खण्डमा पर्ने घर टहरा हटाई मुअब्जाका लागि सिफारीस गर्नेपर्ने भए

१ रु. १ लाख सम्मको मुल्याँकन सिफारीस गर्नुपर्ने भएमा रु ५०० दस्तुर बापत लिने ।

२ रु. २ लाख सम्मको मुल्याँकन सिफारीस गर्नुपर्ने भएमा रु १००० दस्तुर बापत लिने ।

३ रु. ५ लाख सम्मको मुल्याँकन सिफारीस गर्नुपर्ने भएमा रु २००० दस्तुर बापत लिने ।

४ रु. ५ लाख भन्दा माथी मुल्याँकन सिफारीस गर्नुपर्ने भएमा रु ३००० दस्तुर बापत लिने ।

अनुसूची ३
दफा ४ संग सम्बन्धित

**पञ्जीकरण शुल्क**

| क.स. | विवरण | ३५ दिन भित्र | आ व २०७८/७९ | | आ व २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | | | ३५ दिन भन्दा माथी | प्रतिलिपि | ३५ दिन भन्दा माथी | प्रतिलिपि |
| १ | जन्म दर्ता प्रमाणीत | निशुल्क | रु २०० | रु ५०० | रु २०० | रु ५०० |
| २ | विवाहा तथा अविवाहीत दर्ता प्रमाणीत | निशुल्क | रु २०० | रु ५०० | रु २०० | रु ५०० |
| ३ | मृत्यू दर्ता प्रमाणीत | निशुल्क | रु २०० | रु ५०० | रु२०० | रु ५०० |
| ४ | वसाई सराई | निशुल्क | रु २०० | रु ५०० | रु २०० | रु ५०० |
| ५ | सम्वन्ध विच्छेद सिफारीस | निशुल्क | रु २०० | रु ५०० | रु २०० | रु ५०० |
| ६ | कन्सुलर भेरीफिकेशन दस्तुर | | | | प्रति कागजको रु ५०० | |

अनुसूची ४
दफा ५ संग सम्बन्धित

**घर घुरी कर** -सम्पत्ती कर

| क.स. | घरको किसीम | आ व २०७८/७९ | आ व २०७९/८० | कैफियत |
|---|---|---|---|---|
| | | करको दर | करको दर | |
| १ | पक्की घर | २०० | | घर धुरी कर बार्षीक रुपमा लिने |
| क | एक तले | | रु २५० | |
| ख | दुई तले | | रु ३५० | |
| ग | तिन तले | | रु ४५० | |
| घ | तिन तले भन्दा माथी | | रु ५५० | |
| २ | काठबाट निर्मीत भई जस्ता वा टायलको छाना भएको घर | १०० | रु १०० | |
| ३ | फुसको छाना भएको घर | ५० | रु ५० | |

अनुसूची ५
दफा ६ संग सम्बन्धित

# वहाल कर

**क)** गाँउपालीका क्षेत्रभित्रको घर, पसल,गोदाम, टहरा, शेड, कारखाना, जग्गा वा पोखरी प्ररै वा आंशीक रुपमा वहाल दिएकोमा सम्बन्धीत घर जग्गा धनिबाट बहाल रकमको १० प्रतिशत बहाल कर लिईनेछ ।

**ख)** गाँउपालीका क्षेत्रभित्रका सरकारी वा सार्बजनिक स्वामीत्वमा रहेका जग्गा लगायत अन्य चल अचल सम्पत्तीको सम्बन्धमा सम्बन्धीत सरोकारवाला विज्ञ समुह संग आबश्यक राय परामर्श लिई करको दर निर्धारण गर्ने ।

**ग)** गाँउपालीका लगायत वडा कार्यालयमा रहेको हल भाडामा दैनिक रु. १५०० हेनेछ । यसका साथै मल्टीमीडिया पनि प्रयोग गरेकोमा रु. ५०० थप हुनेछ ।

अनुसूची ६

दफा ७ संग सम्बन्धित

**अस्थायी हाटवजार कर**

गाँउपालीका क्षेत्रमा अस्थायी रुपमा लाग्ने हाटवजार करवाट देहायअनुसारको कर लिने ।

| सि न | बस्तु/सामान | आ व २०७८।७९ राजश्वको दर | आ व २०७९।८० राजश्वको दर | सि न | बस्तु/सामान | आ व २०७८।७९ राजश्वको दर | आ व २०७९।८० राजश्वको दर |
|---|---|---|---|---|---|---|---|
| १ | फेरानी | १० | १० | २६ | अन्य छुटपुट सामानहरु विक्री गर्ने सग | १० | १० |
| २ | सव्जी पसल | १० | १० | २७ | रिट्ठा प्रतीमन | १० | १० |
| ३ | साबुन थोक विक्रेता | २० | १० | २८ | सुन्तला प्रतीभारी | २० | २० |
| ४ | चुरा पसल | १० | १० | २९ | बेसार प्रतीमन | १० | १० |
| ५ | औठी पसल | १० | १० | ३० | पिडालु अम्वा सुठुनी करेला प्रतीभारी | १० | १० |
| ६ | मनिहारा पसल | २० | २० | ३१ | आलु प्रती मन | २० | २० |
| ७ | हाँस कुखुरा प्रती गोटा | ५ | ५ | ३२ | कागती प्रति सय | १० | १० |
| ८ | नून पसल | ५ | ५ | ३३ | चटपटेवाला संग | २० | २० |
| ९ | कपडा फिजाई बेच्ने | ४० | ४० | ३४ | किराना पसलबाट | २० | २० |
| १० | रेडीमेट पसल | ३० | ३० | ३५ | नास्पाती सयकडा | १० | १० |
| ११ | मुरही पसल | १० | १० | ३६ | चिराईतो माझीतो कुरीलो प्रतीकीलो | १० | १० |
| १२ | झील्ली बेच्ने | १० | १० | ३७ | दलहन प्रतीकीलो | १ | १० |
| १३ | हजाम पसल | १० | १० | ३८ | १०० के जी पलदार काँटा | ४० | ४० |
| १४ | माछा पसल | २० | २० | ३९ | माटाको भाँडा राख्ने पसल | १० | १० |
| १५ | माछा मासु पकाई वेच्ने | २० | २० | ४० | सुन्तला नास्पाती फिँजाई बेच्ने पसल | २० | २० |
| १६ | खसि काटि बेच्ने सग | १०० | १०० | ४१ | तेलहन प्रतीकीलो | २ | २ |
| १७ | छाता जुत्ता मर्मत पसल | २० | २० | ४२ | टर्चलाईट मर्मत | १० | १० |
| १८ | राँगा काटी बेच्ने पसल | १०० | १०० | ४३ | सुर्ती पसल | ३० | ३० |
| १९ | सुगुर काटी | १०० | १०० | ४४ | भाँडा पसल | ४० | ४० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बेच्ने पसल | | | | | | |
| २० | वरफ | १० | १० | ४५ | भाँडा मर्मत पसल | २० | २० |
| २१ | विस्कुट पाउरोटी | १५ | १५ | ४६ | केरा प्रती भारी | १० | १० |
| २२ | जडीबुटी पसल | २० | २० | ४७ | घुम प्रतीगोटा | ५ | ५ |
| २३ | अण्डा पसलबाट | २० | २० | ४८ | सिन्कऊली बोक्रा प्रतीमन | ४० | |
| २४ | गुण पसलबाट | २० | २० | ४९ | तेजपत्ता प्रतीभारी | ४० | |
| २५ | तेजपत्ता प्रति ट्रक १० चक्के | | ३००० | ५० | तेजपत्ता प्रति ट्रक ६ चक्के | | २००० |
| ५१ | केरा प्रति वुलेरो | | ५०० | ५२ | केरा प्रति ट्रयाक्टर | | ७०० |
| ५३ | केरा प्रति ट्रक | | १००० | | | | |

अनुसूची ७

दफा ८ संग सम्बन्धित

**चौपाया ।दौपाया शुल्क**

क) गाँउपालीका क्षेत्र भित्रको अस्थायी हाटबजारबाट विक्रीको लागि ल्याईएको चौपाया / दोपायाहरुमा निम्न अनुसारको शुल्क खरिदकर्ता र विक्रेतावाट लिने ।

| सि नं | चौपाया / दोपाया | ईकाई | आ व २०७८।७९ | आ व २०७९।८० | सि नं | चौपाया / दोपाया | ईकाई | आ व २०७८।७९ | आ व २०७९।८० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | करको दर रु | करको दर रु | | | | करको दर रु | करको दर रु |
| १ | खसि/बोका/बाख्रा/पाठी | प्रतीगोटा | ५० | ५० | ५ | सुगुर/बंगुर/ | प्रतीगोटा | ५० | ५०० |
| २ | भेडाभेडी | प्रतीगोटा | २५ | २५ | ६ | पाडा/पाडी/बाछा/बाछी | प्रतीगोटा | ५० | ५० |
| ३ | गाई/गोरु/राँगा/भैसी | प्रतीगोटा | १०० | १०० | ७ | कुखुराहरु | प्रतीगोटा | २५ | २५ |
| ४ | कुखुराको चल्ला | प्रतीगोटा | १ | १ | ८ | घोडाघोडी | प्रतीगोटा | १०० | १०० |

ख) गाँउपालीका क्षेत्र भित्रबाट अन्यत्रै लौजाने र अन्य क्षेत्रबाट गाँउपालीका क्षेत्र भित्र ल्याउने निम्नानूसारको चौपाया । दोपायाहरुमा निम्नानूसारको शुल्क लिने ।

| सि नं | चौपाया / दोपाया | ईकाई | आ व २०७८।७९ | आ व २०७९।८० | सि नं | चौपाया / दोपाया | ईकाई | आ व २०७८।७९ | आ व २०७९।८० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | करको दर रु | करको दर रु | | | | करको दर रु | करको दर रु |
| १ | खसि/बोका/बाख्रा/पाठी | प्रतीगोटा | २५ | २५ | ५ | सुगुर/बंगुर/ | प्रतीगोटा | २५ | २५ |
| २ | भेडाभेडी | प्रतीगोटा | २५ | २५ | ६ | पाडा/पाडी/बाछा/बाछी | प्रतीगोटा | २५ | २५ |
| ३ | गाई/गोरु/राँगा/भैसी | प्रतीगोटा | ५० | ५० | ७ | घोडाघोडी | प्रतीगोटा | ५० | ५० |
| ४ | कुखुराको चल्ला | प्रतीगोटा | १ | १ | | | | | |

अनुसूची ८

दफा ९ संग सम्बन्धित

# सवारी साधन शुल्क

**क) वार्षीक सवारी शुल्क**

| सि नं | **सवारी साधनको कीसीम** | आ व २०७८।७९<br>**करको दर रु** | आ व २०७९।८०<br>**करको दर रु** |
|---|---|---|---|
| **१** | तिन पाँग्रे अटो रिक्सा | | |
| **क** | सवारी दर्ता | | **५००** |
| **ख** | नविकरण वार्षिक ९० दिन भित्र | | **३००** |
| **ग** | नविकरण ९० दिन भन्दा माथी दैनिक | | **रु २ थप** |
| **घ** | रुट पर्मिट | | **५००** |
| **२** | विद्युत्तीय ई रिक्सा | | |
| **क** | सवारी दर्ता | | **३००** |
| **ख** | नविकरण वार्षिक ९० दिन भित्र | | **२००** |
| **ग** | नविकरण ९० दिन भन्दा माथी दैनिक | | **रु १ थप** |
| **घ** | रुट पर्मिट | | **२००** |
| **३** | डाला जोडेको मिनि टिलर | | |
| **क** | दर्ता | | **२००** |
| **ख** | नविकरण | | **१००** |

**ख)** पटके सवारी शुल्क  पटके शुल्क प्रबेश विन्दुमा लिई सकेपछी पून लिन नपाउने ब्यवस्था गर्ने ।

| सि नं | **सवारी साधनको कीसीम** | आ व २०७८।७९<br>**करको दर रु** | आ व २०७९।८०<br>**करको दर रु** | सि नं | **सवारी साधनको कीसीम** | आ व २०७८।७९<br>**करको दर रु** | आ व २०७९।८०<br>**करको दर रु** |
|---|---|---|---|---|---|---|---|
| १ | बस,ट्रक,लहरी,लोडर,र अन्य हेवी गाडी | २० | **२०** | ४ | क्रेन,स्काभेटर र डोजर | २० | २० |
| २ | भाडाको टेम्पु,निजी कार,मिनी वस,जिप | १० | **१०** | ५ | मार्केटीग प्रयोजनका लागी अएको सवारी साधन | ५० | ५० |
| ३ | भाडाको मिनी वस,ट्याक्टर बोलेरो | १० | **१०** | ७ | अन्य सवारी साधन | ५ | ५ |

अनुसूची ९

दफा १० संग सम्बन्धित

**क _ नयाँ घर नक्सा पास दस्तुर**

| **सि नं** | **घरको क्षेत्रफल** | **नक्सा पास गरेको** | **कैफीयत** |
|---|---|---|---|
| १ | पक्की घर प्रति वर्ग फिटको | रु ५ | सडकले छुएको पक्की घर |
| २ | पक्की घर प्रति वर्ग फिटको | रु ३ | सडकले नछुएको पक्की घर |
| ३ | कच्ची घर प्रति वर्ग फिट | रु ३ | सडकले छुएको |
| ४ | कच्ची घर प्रति वर्ग फिट | रु २ | सडकले नछुएको |
| ६ | घर नक्सा पास फारम वापत<br>रु १००० | | |

| | | |
|---|---|---|
| ७ | घर नक्साको प्रतीलीपि रु ५०० | |
| ८ | घर नक्सा सम्पन्न प्रमाणपत्र रु ५०० | |
| ९ | घर नक्सा सम्पन्न प्रमाणपत्रको प्रतीलिपि रु ५०० | |
| १० | घर नक्सा पास ईजाजतपत्र्को प्रतीलिपि रु ५०० | |
| ११ | घर नक्सा पास धरोटी रु ५००० | |
| १२ | अमिन सेवा वापत रु १००० | |

**ख _ पुरानो घर नक्सा सुचिकृत दस्तुर**

| सि नं | घरको क्षेत्रफल | नक्सा पास गरेको | कैफीयत |
|---|---|---|---|
| १ | पक्की घर प्रति वर्ग फिटको | रु ४ | सडकले छुएको पक्की घर |
| २ | पक्की घर प्रति वर्ग फिटको | रु २ | सडकले नछुएको पक्की घर |
| ३ | कच्ची घर प्रति वर्ग फिट | रु २ | सडकले छुएको |
| ४ | कच्ची घर प्रति वर्ग फिट | रु १ | सडकले नछुएको |

अनुसूची १०

दफा ११ संग सम्बन्धित

**मनेरञ्जन तथा विज्ञापन कर**

प्रदेश आर्थिक एन अनुसार निर्धारण हुने

अनुसूची ११

दफा १२ संग सम्बन्धित

**व्यबसाय कर**

गाँउपालिका क्षेत्रमा ब्यवसाय गर्ने व्यबसायीहरुवाट बार्षीक देहायका कर लिने ।

| सि नं | व्यवसाय | आ व २०७८।७९ करको दर रु | आ व २०७९।८० करको दर रु | सि नं | व्यवसाय | आ व २०७८।७९ करको दर रु | आ व २०७९।८० करको दर रु |
|---|---|---|---|---|---|---|---|
| १ | चुरोट,रक्सी पसल | १००० | १००० | २० | किराना पसल | ५०० | ५०० |
| २ | ज्वेलर्स पसल, ज्वेलर्स अरुको बनाउने ५०० | २००० | २००० | २१ | मनिहारा वा श्रृगार पसल | ५०० | ५०० |
| ३ | निर्माण सामाग्री विक्रेता | १५०० | १५०० | २२ | पान तथा अन्य | ५०० | ५०० |
| ४ | विद्युत समान,टेलीभिजन,क्यामरा,रेडीयो,मोवाईल आदी फोटो स्टुडीयो | १००० | १००० | २३ | गल्ला खरिद विक्री | १००० | १००० |
| ५ | पेट्रोलीयम पदार्थ विक्रेता पेट्रोल डीजल | ५००० | ५००० | २४ | फलफूल तरकारी पसल | ५०० | ५०० |
| ६ | मट्टीतेल विक्रेता | १५०० | १५०० | २५ | जुत्ता चप्पल पसल | ७०० | ७०० |
| ७ | विविध सामाग्रीहरु सप्लाई | १५०० | १५०० | २६ | भाँडा बर्तन पसल | ५०० | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने | | | | | | |
| ८ | होटल खाना खुवाउने | ५०० | ५०० | २७ | स्टेश्नरी पूस्तक पसल | ५०० | ५०० |
| ९ | होटल रेस्टुरेन्ट एण्ड लज | १००० | १००० | २८ | चस्मा घर तथा घडी विक्री पसल | ५०० | ५०० |
| १० | लज | ५०० | ५०० | २९ | कपडा पसल | ७०० | ७०० |
| ११ | फर्निचर पसल | १००० | १००० | ३० | तयारी कपडा तथा अन्य | ५०० | ५०० |
| १२ | मलखाद्द किटनासक औषधी विक्री | ५०० | ५०० | ३१ | चिया नास्ता तथा मीठाई पसल | ५०० | ५०० |
| १३ | कोल्ड ड्रिंगस पसल | ५०० | ५०० | ३२ | औषधी पसल | ५०० | ५०० |
| १४ | विविध मिक्स पसल जेनेरल स्टोर ईलेक्ट्रोनिक्स तथा अन्य | १००० | १००० | ३३ | काठ चिर्ने उद्योग | १००० | १००० |
| १५ | होलसेल पसल ३ वा से भन्दा वढी आईटम भएको मिश्रीत | ३००० | ३००० | ३४ | फर्निचर उद्योग | ४००० | ४००० |
| १६ | गाडी ग्यारेज | २००० | २००० | ३५ | जडीबुटी प्रसोधन केन्द्र | ३००० | ३००० |
| १७ | अटो वर्कशप | १००० | १००० | ३६ | स्टील उद्योग | ३००० | ३००० |
| १८ | संघ संस्था संचालनको लागि अनुमती दस्तुर | १००० | १००० | ३७ | ग्रामीण स्वालम्वन बैक | २००० | २००० |
| १९ | होम स्टे | ५०० | ५०० | ३८ | चुनढुगा खानी | १००००० | १००००० |

द्रष्टव्य चुनढुगा खानीबाट पटके शुल्कको रुपमा प्रती ट्रिफर रु ७५ लिईनेछ ।

अनुसूची १२

दफा १३ संग सम्बन्धित

**<u>प्राकृतीक श्रोत उपयोग कर</u>**

क) वन जन्य कर ।

| सि नं | विवरण | ईकाई | आ व २०७८।७९ को दर रेट रु | आ व २०७९।८० को दर रेट रु | कैफीयत |
|---|---|---|---|---|---|
| १ | सतावरी भाले कुरीलो | प्रती के जी | १ | १ | |
| २ | सतावरी पोथी कुरीलो | प्रती के जी | १ | १ | |
| ३ | मजितो | प्रती के जी | १ | १ | |
| ४ | चीरैतो माडा | प्रती के जी | १ | १ | |
| ५ | चीरैतो डाँठ | प्रती के जी | १ | १ | |
| ६ | रिट्ठा | प्रती के जी | १ | १ | |
| ७ | सर्पगन्धा जरा | प्रती के जी | १ | १ | |
| ८ | तेजपत्ता बोक्रा | प्रती के जी | ८० | ८० | |
| ९ | तेजपत्ता | प्रती के जी | ८० | ८० | |
| १० | वन लसुन जरा | प्रती के जी | ३ | ३ | |
| ११ | सिकाकाई | प्रती के जी | १ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सालधुल | प्रती के जी | २ | २ | |
| १३ | सल्लाको सिम्टा | प्रती के जी | १ | १ | |
| १४ | लोट सल्ला | प्रती के जी | ५ | ५ | |
| १५ | खोटो | प्रती के जी | १ | १ | |
| १६ | भोर्लाको पात लोक्ता पटेर वावीयो खर अम्लीसोको कुचो | प्रती गाडा।प्रती भारी | ५० | ५० | |
| १७ | भोर्लाको पात लोक्ता पटेर वावीयो खर अम्लीसोको कुचो | प्रती ट्याक्टर।प्रती भारी | १०० | १०० | |
| १८ | सालको विँया | प्रती के जी | १ | १ | |
| १९ | तेजपत्ता । सिन्कौलीको तेल | प्रती के जी | २५० | २५० | |

ख) वन जन्य काठ निकासी ।

| सि नं | विवरण | ईकाई | आ व २०७८।७९ को दर रेट रु | आ व २०७९।८० को दर रेट रु | कैफीयत |
|---|---|---|---|---|---|
| १ | साल काठ गोलीया | प्रती क्यूफीट | २० | २० | |
| २ | साल काठ चिरान | प्रती क्यूफीट | २५ | २५ | |
| ३ | खयर | प्रती क्यूफीट | २५ | २५ | |
| ४ | कुकाठ गोलीया | प्रती क्यूफीट | ५ | ५ | |
| ५ | कुकाठ चिरान | प्रती क्यूफीट | ६ | ६ | |
| ६ | दाउरा वाकल काठ | प्रती ट्रक | ११०० | ११०० | |
| ७ | दाउरा वाकल काठ | प्रती ट्याक्टर | ५५० | ५५० | |
| ८ | बाँस निकाशी | प्रती ट्याक्टर | ५०० | ५०० | |
| ९ | बाँस निकाशी | प्रती ट्रक | १५०० | १५०० | |

अनुसूची १३

दफा १४ संग सम्बन्धित

**<u>ढुगा गिटी वालुवा कर</u>**

क) प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक वमोजीम कर संकलन गरिनेछ ।

आज्ञाले :

नाम : रमेश राई

प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीकरण मिति : २०७९।३।१२